# वेलका नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,
रामपुर उदयपुर

**नमस्कार**





## दोश्रो चौमासिक प्रगति समीक्षा

## आ.व. २०७४/७५

(चैत्र १६ गते वेलका न.पा. सभाहल रामपुर, उदयपुर)

(प्रस्तुतकर्ताः दुर्गा कुमार थापा)
(नगर प्रमुख)

# वेलका नगरपालिकाको संक्षिप्त परिचय




**जनसांख्यिकी विवरण**

| | |
|---|---|
| घर परिवार संख्याः | ८,९३० |
| जम्मा जनसंख्याः | ४२,३८६ |
| पुरुष संख्याः | १९६०५ |
| महिलाः | २२,७८१ |
| २०५८ को जनसंख्याः | ३८,७२७ |
| वार्षिक जनसंख्या बृद्दिरः | ०.९ |
| औसत सदस्यः | ४.७५ |
| लैंगिक अनुपातः | ८६.०६ |
| जनघनत्वः | १३७ |
| क्षेत्रफल (वर्ग.कि.मी.) | ३४४.७३ |

**भौगोलिक अवस्थितिः**

अक्षांसः- २६०४२'०९" देखि २६०५५'३८" उत्तरी अक्षांश
देशान्तरः- ८६०५५'२९" देखि ८७०१०'०६" पूर्वी देशान्तर
सिमानाः- पूर्वः सुनसरी र धनकुटा जिल्ला पश्चिमः चौदण्डीगढी नगरपालिका
उत्तरः भोजपुर र खोटाङ जिल्ला दक्षिण: सप्तरी जिल्ला
क्षेत्रफलः- ३४४.७३ वर्ग कि.मी.
भौगोलिक विभाजनः- भित्री मधेश, पहाड
केन्द्रः- रामपुर वडा संख्याः- ९ (नौ)

2

# दोश्रो चौमासिक वित्तीय प्रगति

चौमासिक आय-व्यय विवरण

रकम रु हजारमा

| वजेट शीर्षक | चालु | | पूँजिगत | | कुल | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | |
| वित्तीय समानिकरण अनुदान | ४८६२५।५ | १,५६,२५।९ | २३,७८,८६।५ | ७६१९१।४६० | २८६५१२ | ९,१८,१७।३६० | ३२.०४ |
| शसर्त अनुदान | ११९२५० | ७४६६४ | ३२५ | ० | ११९५७५ | ७४६६४ | ६२.४४ |
| आन्तरिक आय र राजश्व बाँडफाँडबाट प्राप्त आय र गतको अल्या समेत | ० | ० | १९७७१ | ४७९९ | १९७७१ | ४७९९ | २४.२७ |
| कूल : | १६७८७५।५ | ९०२८९।९ | २५७९८२।५ | ८०९९०।४६० | ४२५८५८ | १७१२८०।३६ | ४०.२२ |



# वार्षिक वित्तीय प्रगति

वार्षिक आय-व्यय विवरण

रकम रु हजारमा

| विवरण | चालु | | चालु खर्च प्रतिशत | पूँजिगत | | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| शीर्षक | बजेट | खर्च | | बजेट | खर्च | |
| वित्तीय समानिकरण अनुदान | ४८६२५।५ | १,५६,२५।९ | ३२.१३५ | २३,७८,८६।५ | ७६१९१।४६० | ३२.०२ |
| शसर्त अनुदान | ११९२५० | ७४६६४ | ६२.६१ | ३२५ | ० | ० |
| आन्तरिक आय र राजश्व बाँडफाँडबाट प्राप्त आय र गतको अल्या समेत | ० | ० | ० | १९७७१ | ४७९९ | २४.२७ |
| कूल : | १६७८७५।५ | ९०२८९।९ | ५३.७८ | २५७९८२।५ | ८०९९०।४६० | ३१.३९ |

## दोश्रो चौमासिक अवधि सम्मको शाखागत वित्तीय प्रगति विवरण

आय-व्यय विवरण

रकम रु हजारमा

| शाखागत विवरण | चालु | | चालु खर्च प्रतिशत | पूँजिगत | | पूँजिगत खर्च प्रतिशत | कुल | | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | | बजेट | खर्च | | बजेट | खर्च | |
| शिक्षा शाखा | १०६२९१ | ६६११८.६४१ | ६२.२० | ० | ० | ० | १०६२९१ | ६६११८.६४ | ६२.२० |
| स्वास्थ्य शाखा | ११४०८ | ७५४७.९२७ | ६६.१६ | ३२५ | ० | ० | ११७३३ | ७५४७.९२७ | ६४.३३ |
| पशु विकास शाखा | ५९१ | ३९९ | ६७.५१ | ५९६० | ९१० | १५.२६ | ६५५१ | १३०९ | १९.९८ |
| कृषि विकास शाखा | ९६० | ५९८.५९० | ६२.३५ | ५०५४ | ३०४६ | ६०.२६ | ६०१४ | ३६४४.५९ | ६०.६० |
| महिला विकास शाखा | ० | ० | ० | ९५३.५० | ३६२ | ३७.९६ | ९५३.५० | ३६२ | ३७.९६ |
| जम्मा: | ११९२५० | ७४६६४.१५८ | ६६.६१ | १२२९२.५ | ४३१८ | ३५.१२ | १३१५४२.५ | ७८९८२.१५ | ६०.०४ |



## क) नवीनतम कार्यहरु

- ठेक्का ब्यवस्थापन मार्फत कौडीको भाउमा विक्री गरिएको ढुंगा, गिटी, वालुवालाई आगामी आ.व.मा ठेक्का नलगाई न.पा. आफैंले संकलन गरी भण्डार गरेर स्थानीय खपत तथा प्रयोगमा विक्री गर्ने निर्णय भएको।
- सपोर्ट अन द स्पोट (Support On the spot) कार्यक्रम प्रभावकारी भएको।
- महिला सुरक्षावास सञ्चालनमा आएको।
- पशु वीमा कार्य प्रभावकारी भएको।

## दोश्रो चौमासिक अवधी सम्मका प्रमुख उपलब्धिहरु

- भौतिक पूर्वाधार निर्माण तर्फ ७० प्रतिशतको हाराहारीमा भौतिक प्रगति हाँसिल भएको ।
- वेलका नगरपालिकाबाट निर्मित बसपार्क सञ्चालनमा आउने क्रममा रहेको ।
- वेलका नगरपालिकाको लागि भूकम्प प्रतिरोधी भवन निर्माण गर्न साईट प्लान, माटो परिक्षण, सर्भे, डिजाईन र इस्टिमेटको कार्य थालनी गरिएको ।
- वेलका नगरपालिकाको पर्यटकीय सम्भावना भएको क्षेत्रहरुलाई पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटन नीति तयार गरिएको ।
- वडा नं. ७ मा प्याराग्लाईडिङ्गको सफल परिक्षण गरिएको र निरन्तरताको लागी वे.न.पा.को सहयोगमा २० जनालाई प्याराग्लाईडिङ तालिम सञ्चालन प्रारम्भ हुने चरणमा रहेको ।
- सुनकोशी नदिमा वोटिङ्ग सञ्चालनको लागी सहजिकरण गरिदिएको ।
- वेलका नगरपालिकाको स्थानीय राजपत्र तयार गरी नगरकार्यपालिकाका महत्वपूर्ण निर्णयहरुलाई राजपत्रमा प्रकाशन गरिएको । र अन्य ऐन, नियम तथा कार्यविधीहरु समेत राजपत्रमा प्रकाशन गर्ने क्रममा रहेको ।

## दोश्रो चौमासिक अवधी सम्मका प्रमुख उपलब्धिहरु

- वेलका नगरपालिकाको नगर गुरुयोजना तयारी प्रारम्भ गरिएको ।
- रामपुर बजारमा ३०० थान ल्याण्डलाईन टेलिफोन सञ्चालन हुने निश्चित भएको ।
- थामी, थारु, भुजेल र माझी जस्ता पिछडिएका जातीहरुको उत्थान र विकासको लागि उत्थान विकास समिति तयार गरी बजेट तथा कार्यक्रम बाँडफाँड गरी सञ्चालन प्रारम्भ गरिएको ।
- वेलका नगरपालिकाको पर्यटन झल्काउने डकुमेन्ट्री तयारीको अन्तिम चरणमा रहेको ।
- बाढी, पहिरो जस्ता विपद् न्यूनीकरण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्दै कच्चा पदार्थ ल्याई तारजाली बुन्ने कार्य धमाधम भईरहेको, र खोला तथा खहरेहरुमा जे.सि.वी. प्रयोग गरिएको । र चैत्र, वैशाख महिनालाई विपद् व्यवस्थापन महिनाको रुपमा लिइएको ।
- कृषि क्षेत्रमा मकैको विउ वितरण, कृषक भ्रमण सफल बनाइएको ।
- स्वास्थ्य संस्थामा औषधीको अभाव हुन नदिन दोश्रो चरणको औषधी खरिद प्रक्रिया पुन अगाडी बढाइएको ।

वेलका नगरपालिकाको कार्यालय भवन र सभाहल, दुवैको गरी जम्मा लागत रु.३५ लाख
०७४ आश्विन मसान्तमा शुरु भई मंसिर मसान्तमा सम्पन्न भएको ।








विपद् व्यवस्थापनको लागी कच्चा पदार्थ खरिद गरी तारजाली बुन्ने कार्य रु.१३ लाखमा कच्चा पदार्थ ल्याएर तारजाली बुन्दा ४ लाखको हाराहारीमा बचत भएको ।









## दोश्रो चौमासिक अवधी सम्मका प्रमुख उपलब्धिहरु

- समावेशी विकासका लागी कार्यक्रम सञ्चालन कर्मचारी नियुक्ती भई NLR सँगको साझेदारीमा कार्य थालनी भएको ।
- वे.न.पा. १ तपेश्वरीको पुरन्दह स्वास्थ्य चौकीमा प्याथोलोजी सेवा शुरु गरिएको ।
- वे.न.पा. ७ मैनामैनी, वारेगाउँमा स्वास्थ्य चौकी भवन निर्माण अन्तिम चरणमा रहेको ।
- वे.न.पा. १ आम्वासी र वे.न.पा. ७ विलिम्लामा शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा आएको ।
- अति विपन्न परिवारलाई जाडोमा न्यानोको लागी कम्मल तथा खाद्यान्न वितरण गरिएको ।
- महिला स्वास्थ्य स्वंसेविकालाई प्रोत्साहन गराउन न.पा.को तर्फबाट पोषाक वितरण गरिएको ।
- गै.स.स.मैत्री वातावरण वेलका नगरपालिकामा तयार भएकाले गै.स.स.हरु न.पा.सँगको साझेदारीमा कार्य गर्न उत्सुक देखिएको ।

## दोश्रो चौमासिक अवधी सम्मका प्रमुख उपलब्धिहरु

- सवै वडामा Ward wash CC गठन गरिएको ।
- शिक्षकहरुलाई मासिक तलब वितरणको थालनी गरिएको ।
- रु ५ लाख भन्दा बढीको आयोजनालाई आयोजना स्थलमै गएर चेक भुक्तानीको व्यवस्था गरिएको ।
- नगरपालिकाबाट सञ्चालन गरिने आधारभूत तह कक्षा ८ को परिक्षा सम्पन्न भई उत्तरपुस्तिका परिक्षण भईरहेको ।
- सिद्धेश्वर योग साधना केन्द्र मार्फत वेलका न.पा.को आयोजनामा वृहत योग शिविर सञ्चालन गरिएको ।
- पहिलो चौमासिक अवधिमा भए गरेका कामहरुको सार्वजनिक सुनुवाई गरिएको ।

## वेलका नगरपालिकामा कार्यरत विकास साझेदार गै.स.स.हरु

- समाज सेवी समूह : खानेपानी तथा सरसफाई र जिविकोपार्जन
- शान्ती समाज केन्द्र पेशोक : सामाजिक परिचालक र खानेपानी तथा सरसफाई
- हुरेन्डेक उदयपुर/सवल : विपद व्यवस्थापन, जिविकोपार्जन
- रेस्फेक सप्तरी : क्षमता अभिवृद्धि तालिम र संस्थागत विकास
- पञ्चावती ग्रामीण विकास केन्द्र : गरिवी निवारण सम्बन्धी कार्य
- असल शासन नेपाल : सामाजिक परिचालन र गरिवी निवारण
- महिला पुर्नस्थापना केन्द्र (ओरेक) : परामर्श तथा महिला अधिकार
- महिला मानव अधिकार रक्षक सञ्जाल : महिला अधिकार
- शाहरा विकास केन्द्र उदयपुर : सरसफाई, लक्षित वर्ग उत्थान कार्यक्रम
- राष्ट्रिय कृषक समूह महासंघ/केयर नेपाल : कृषि तथा पशु विकास कार्यक्रम
- नेस्पेक : शिक्षा, स्वास्थ्य, कृषि र पशु क्षेत्र
- जाल्पा एकिकृत विकास केन्द्र : गरिवी निवारण सम्बन्धी कार्य
- सि.एम.सि. : मानसिक स्वास्थ्य
- लघु उद्यम विकास कार्यक्रम : लघु उद्यमी श्रृजना गर्ने ।
- NLR : समावेशी विकास कार्यक्रम
- IDEA Nepal : राजमार्गबाट प्रभावित व्यक्तिहरुको लागि आय आर्जन कार्यक्रम

## अर्ध वार्षिक अवधी सम्मका प्रमुख उपलव्धिहरु

- बेलका नगरपालिकाद्वारा हालसम्म गठन गरिएका समितिहरु
  - नगर स्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति (वडा नं. ४ र ५ मा समेत)
  - यूवा तथा खेलकूद विकास समिति
  - पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति
  - उद्यमशिलता विकास समिति
  - पर्यटन विकास समिति
  - नगर शिक्षा समिति
  - वेलका ललितकला प्रतिष्ठान
  - माझी उत्थान विकास समिति
  - भुजेल उत्थान विकास समिति
  - थारु उत्थान विकास समिति
  - विपद् व्यवस्थापन समिति

## मनोविमर्श तर्फको दोश्रो चौमासिक अवधी सम्मका प्रमुख उपलव्धिहरु

- घरेलु हिंसा - ३५
- जवरजस्ती करणी - ३
- सामाजिक हिंसा - ३
- मनो सामाजिक समस्या - २
- **जम्मा - ४३**

## कार्य सम्पादन विवरण :

- वेलका नगरपालिकाबाट ओरेकमा पठाइएका पीडित जम्मा :- ६
  - घरेलु हिंसा तर्फ फैसला भएको - १
  - मनो सामाजिक समस्याबाट घर फर्काईको - २
  - जवरजस्ती करणीको मुद्दा चलाइएको - ३
  - घरेलु हिंसा मिलापत्र - २५
  - सामाजिक हिंसा मिलापत्र - ३
  - कार्यवाही चलिरहेको - ९

## न्यायिक समितिमा परेका उजुरीहरुको सम्बन्धमा भएको कार्वाही सम्बन्धी विवरण

- जम्मा मुदा : ८२
- मुद्दा निरुपण : २
- मिलापत्रद्धार मुद्दाको किनारा लगाइएको : ४९
- मुद्दाको सुनुवाई : १५
- मुद्दाको सुनुवाई हुन बाँकी : १३

# प्रमुख समस्या तथा समाधानका लागि गरिएका प्रयास

क्रमशः

| क्र.स. | प्रमुख समस्या | समस्या समाधानार्थ चालिएका प्रयास | समस्या समाधानार्थ सुझावहरु | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | सबै वडा कायालयहरुमा वडा सचिव नभएकोले दैनिक तथा नियमित सेवा प्रवाहमा समस्या । | ▪ जिल्ला स्तरीय कर्मचारी व्यवस्थापन समितिमा अनुरोध गरि पठाइएको ।<br>▪ हाललाई अन्य कर्मचारीहरुबाट सेवा प्रवाहको व्यवस्था मिलाइएको । | मन्त्रालयले सबै वडाहरुमा कम्तिमा १, १ जना वडा सचिवको व्यवस्था मिलाउनुपर्ने । | सं.मा. तथा स्था.वि.म. सा.प्र. मन्त्रालय |
| २ | दक्ष प्राविधिक कर्मचारीहरुको हालसम्म पनि कमी | ▪ जिल्ला स्तरीय कर्मचारी व्यवस्थापन समितिमा प्राविधिक कर्मचारीको अनुरोध गरि पठाइएको ।<br>▪ हाललाई मासिक ज्यालादारीमा ३ जना प्राविधिक कर्मचारी छनौट गरिएको । | मन्त्रालय र विभागबाट प्राविधिक कर्मचारीको व्यवस्थापन हुनुपर्ने । | सं.मा. तथा स्था.वि.म. सा.प्र. मन्त्रालय |

| क्र.स. | प्रमुख समस्या | समस्या समाधानार्थ चालिएका प्रयास | समस्या समाधानार्थ सुझावहरु | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ३ | नदि कटान तथा पुरानले गर्दा खेतीयोग्य जमिन वर्षेनी बगरमा परिणत गर्ने | नगरसभा मार्फत बजेट विनियोजन गरी नियन्त्रण प्रयास गरिएको । तारजालीको कच्चा पदार्थ खरिद गरी जाली वुनेर वितरण गरिएको । | प्रदेश सरकार, केन्द्रिय सरकारबाट नदि नियन्त्रण सम्बन्धी ठूलो परिमाणमा गुरुयोजना सहितको कार्यक्रम सञ्चालन हुनुपर्ने । | प्रदेश सरकार, केन्द्रिय सरकार |

## आगामी आर्थिक बर्षको प्राथमिकता एवं प्रमुख नीति

१. दिगो विकासका १७ वटा लक्ष्यहरु (SDGs) प्राप्त गर्ने कार्यक्रमहरु (जस्तै : गरिवी न्यूनिकरण तथा रोजगारी प्रवर्द्धन, स्वास्थ्य तथा पोषण, विपद्÷जलवायु जोखिम न्युनिकरण आदि),

२ स्थानीय पूर्वाधार विकासका कार्यक्रमहरु (ग्रामिण यातायात, सडक, पुल,साना सिंचाई तथा नदी नियन्त्रण,खानेपानी तथा सरसफाइ,लघु उद्यम तथा वैकल्पिक उर्जा आदि),

३. शिक्षा, स्वास्थ्य, स्वच्छ पिउने पानीको उपलब्धता आदि ।

४. व्यवसायिक तथा आधुनिक कृषि तथा पशु क्षेत्रको विकास,

५. प्राथमिक स्वास्थ्य सेवाको पहुँच विस्तार र स्वास्थ्य सेवाको गुणस्तरीयता,

६. लैङ्गिक समानता, महिला सशक्तिकरण, जातीय विभेदको अन्त्य तथा समावेशी विकास,

७. सामाजिक विकासका कार्यक्रमहरु(जस्तै : महिला, वालवालिका,दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एकल महिला तथा विपन्न वर्ग लक्षित सामाजिक विकास सम्बन्धी कार्यक्रम कार्यक्रम,

८. वन तथा भू-संरक्षण, प्राकृतिक स्रोत र वातावरण संरक्षण,

९. स्थानीय सेवाप्रवाहमा प्रभावकारिता, पारदर्शीता र सुशासनको प्रवर्द्धन,

१०.पर्यटन पूर्वाधार विकास र संस्कृतिप्रवर्द्धन,

११. वातावरण मैत्री र वालमैत्री स्थानीय शासन पद्धतिको अवलम्वन,

१२. युवाको क्षमता तथा खेलकुद विकास कार्यक्रम,



## आगामी आर्थिक बर्षको प्राथमिकता एवं प्रमुख नीति

१३. बस्ती विकास र सामाजिक परिचाल कार्यक्रम ।

१४.सूचनामैत्री नयाँ प्रविधिको प्रयोग गर्दै सेवा प्रवाहमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गरी सेवा वितरणलाई सहज र सरल बनाई सुशासन कायम गरिने । साथै व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नामावली Online प्रविष्टि गरी भत्ता वितरण कार्य अझ प्रभावकारी बनाउँदै लगिने ।


१५.आकस्मिक रुपमा सहयोग गर्नुपर्ने घाईते तथा पीडित पक्षहरुलाई क्गाउउयचत यल तजभ क्उयत अभियान सञ्चालन गरिने ।

१६.बेलाका नगरक्षेत्रमा सञ्चालित आयोजनाहरुको नामाकरण गर्दा यसै क्षेत्रका ऐतिहासिक व्यक्तित्व, विभिन्न कालखण्डमा यस क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुहुने व्यक्तिहरु, लोकतान्त्रिक आन्दोलनबाट साहदत प्राप्त गर्ने व्यक्तिहरु, जग्गादाता लगायत व्यक्तिहरुको नामबाट नामाकरण गरी पून योगदान गर्ने÷गराउने कार्यमा अभिप्रेरित गर्दै लगिने ।

१७.अन्तर नगरपालिका तथा महानगरपालिका स्तरीय भगिनी सम्बन्ध (Sister relation) कायम गरेर पारपरिक अनुभव तथा सहयोग आदान-प्रदान गरिने ।

१८.बेलका नगरपालिकाको नगर स्तरमा सडक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्दा सडकको चौडाई न्यूनतम ६ मिटर कायम हुनेगरी सडक निर्माण कार्य सञ्चालन गरिने ।

वेलका नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्र



वेलका नगरपालिका

स्थानीय राजपत्र

खण्ड १) वेलका, रामपुर, १ नं. प्रदेश, नेपाल, संख्या - १, मिति २०७४/०८/०८


भाग-२

वेलका नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम वेलका नगरकार्यपालिकाबाट स्वीकृत *"स्थानीय राजपत्र प्रकाशन कार्यविधी, २०७४ र वेलका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधी) नियमावली, २०७४"* को परिधी भित्र रहि वेलका नगरकार्यपालिकाका निर्णयहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**वेलका नगर कार्यपालिकाबाट भएको मिति २०७४/०३/२६ देखि २०७४/०८/०७ सम्मका निर्णयहरुको संगालो**

वेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रामपुर
उदयपुर, जिल्ला
१ नं. प्रदेश, नेपाल



नगरपालिकाको नियम संख्या :- १

वेलका नगरपालिकाको

**वेलका नगरकार्यपालिकाबाट भएको मिति २०७४/०३/२६ देखि २०७४/०८/०७ सम्मका निर्णयहरुको संगालो**

स्थानीय राजपत्रमा प्रकाशित मिति :- २०७४/०८/०८

वेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
१ नं. प्रदेश, नेपाल

**वेलका नगरपालिकाबाट सञ्चालन भएका गतिविधीहरुको अन्य महत्वपूर्ण झलकहरु वेलका नपाको फेसबुक पेज, नगरप्रमुख, उपप्रमुखको फेसबुक वाल आदिमा समेत हेर्न सकिने छ।**

3/31/2018